# कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता


विमला पाण्डे

परीक्षा क्रमाङ्कः २८७१०३५५/०७४

त्रि. वि. दर्ता नं. : ९–२–२७४–२१९–२०१०


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा अन्तर्गत

स्नातकोत्तर तह, चौथो सत्र नेपा.शि. ५४४ पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि.,कीर्तिपुर


२०७४/2018


कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता

६२/०७४

- विमला पाण्डे

२०७४/2018

# प्रतिबद्धतापत्र

प्रस्तुत शोध पत्रभित्रका प्राथमिक सामग्री कहीँ कतैबाट साभार गरिएको छैन । द्वितीयक सामग्रीहरूमा सन्दर्भाङ्कन दिएर उपयोगमा ल्याइएको छ । यसका कुनै अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ प्रस्तुत शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

..........................

विमला पाण्डे

(शोधार्थी)

मितिः २०७५/०२/१३

Date: May 27, 2018

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि शोधार्थी विमला पाण्डेले 'अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता' शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

सहप्रा. डा. नेत्रप्रसाद न्यौपाने

(शोधनिर्देशक)

मितिः २०७५/०२/१५

Date: May 29, 2018

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**नेपाली भाषा शिक्षा विभाग**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशका निम्ति यस सङ्कायतर्फकी छात्रा विमला पाण्डेद्वारा 'अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता' शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| क्र.सं. | नाम | दस्तखत |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ................................ |
| २. | प्रा. महेश्वर न्यौपाने (शोध विशेषज्ञ) | ................................ |
| ३. | सहप्रा.डा.नेत्रप्रसाद न्यौपाने (शोधनिर्देशक) | ................................ |

मिति: २०७५/०३/०५

Date: June 19, 2018

# कृतज्ञताज्ञापन

प्रस्तुत 'अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार गरिएको हो । यो शोधपत्रले लेखन सिपसँग सम्बन्धित रहेर अध्ययन गर्ने सबैमा सहयोग पुग्ने आशा गरेकी छु । आफ्ना समस्या र बाध्यतालाई पन्छाएर जतिसुकै थकित अवस्थामा पनि यस शोधपत्रको आदिदेखि अन्त्यसम्म उत्साहपूर्ण तवरले कुशल निर्देशन गर्नुहुने मेरा शोधनिर्देशक आदरणीय गुरु सहप्रा.डा.नेत्रप्रसाद न्यौपानेप्रति हार्दिक कृतज्ञता र सम्मान प्रकट गर्दछु । यस शोधप्रस्तावको शीर्षक स्वीकृत गरी आवश्यक सल्लाह, सुझाव दिई सहयोग पुऱ्याउनुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा.डा.रामप्रसाद भट्टराईलगायत नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण प्राध्यापनरत गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस धर्तीमा जन्म दिएर एकशब्दे बोलीदेखि औँला समातेर हिँड्न सिकाउने र शिक्षा आर्जन गर्न प्रोत्साहन गर्नुहुने पूजनीय बुबा खिमलाल पाण्डे र कर्मशील बन्न उत्साही बनाउने ममतामयी आमा रमा पाण्डेप्रति सदा ऋणी छु । मेरो जीवनको हर क्षेत्रमा सफलतै सफलताको कामना गर्दै उच्च शिक्षाको विशिष्ट स्तरसम्म पुऱ्याउने मेरा परिवारजनप्रति विशेष आभार प्रकट गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा सल्लाह र सहयोग गर्ने साथीहरु विनीता यादव, नरेन्द्र पनेरु, लोकराज रोसेरालगायत सम्पूर्ण साथीहरू र शुद्धीकरणका साथ टङ्कण गरी सहयोग पुऱ्याउनुहुने तारा अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस अध्ययनका सकारात्मक पक्ष मेरा गुरुबाट प्राप्त ज्ञानका उपज हुन् र यसमा भएका त्रुटि र कमजोरी मेरा आफ्नै भएको कुरा विनम्रतापूर्वक स्वीकार गर्दै प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभागको मूल्याङ्कन समिति समक्ष पेश गर्दछु ।

शोधार्थी

विमला पाण्डे

# शोधसार

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र तयार गरिएको हो । यस शोधकार्यका उद्देश्यहरूमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, लैङ्गिकताका आधारमा अनुच्छेदलेखन क्षमताको विश्लेषण गर्नु, विद्यालय प्रकृतिका आधारमा अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् ।

यस शोधमा मूलतः क्षेत्रीय अध्ययन विधि र व्याख्या तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयको छुट्टै तुलनात्मक विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषणका लागि विश्लेषणात्मक, वर्णनात्मक, छलफल, पुस्तकालयीय अध्ययनको उपयोग गरिएको छ । प्रस्तुत शोधकार्य अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित रहेको हुँदा अर्घाखाँची जिल्लाका सम्बन्धित विद्यालयमा गएर विद्यार्थीहरूलाई दुई शीर्षकमा अनुच्छेद लेख्न लगाइएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सबल र दुर्बल पक्ष केलाई सुझाव समेत प्रस्तुत गरिएको छ । निर्धारित समय अवधिमा लेखिएका उत्तरहरू सङ्कलन गरी परीक्षणका छुट्याइएको आधारमा परीक्षण गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यमा कुल २००० पूर्णाङ्कमा १०० जनाको १११४ अङ्क प्राप्ताङ्क रहेको छ । यसको आधारमा समग्र विद्यार्थीको अनुच्छेदलेखनको प्रतिशताङ्क ५५.७ प्रतिशत र औसताङ्क ११.१७ प्रतिशत रहेको छ । सामुदायिक र संस्थागत विद्यालयका छात्र/छात्राहरूको अनुच्छेदलेखनको तुलनात्मक अध्ययन गर्दा विषयवस्तु, संरचना, भाषाशैली र वर्णविन्यासलाई मापनको मुख्य आधार बनाएर मूल्याङ्कन गरिएको छ । जसमा कूल २० पूर्णाङ्कमध्ये विषयवस्तुको लागि ८ अङ्क, भाषाशैली ४ अङ्क, संरचना ४ र वर्णविन्यास ४ अङ्क गरी मूल्याङ्कन गरिएको छ । जसमा १०० जना विद्यार्थीको

२० पूर्णाङ्कका दरले समग्र पूर्णाङ्क २००० र विद्यार्थीले पाएको प्राप्ताङ्क १११४ रहेको छ । यीमध्ये संस्थागत विद्यालयले ५९० अङ्क र सामुदायिक विद्यालयले ५२४ अङ्क प्राप्त भएको छ । विद्यालय प्रकृतिको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयका छात्र र छात्राहरूको अनुच्छेदलेखन क्षमता सामुदायिक विद्यालयको भन्दा सन्तोषजनक रहेको पाइन्छ ।

लैङ्गिकताका आधारमा छात्र/छात्राको तुलनात्मक अध्ययनका लागि जम्मा १०० जनाको एकको २० का दरले जम्मा २००० र छात्र/छात्राले पाएका जम्मा प्राप्ताङ्क १११४ रहेको छ । जसमध्ये ५० जना छात्रले पाएको प्राप्ताङ्क ५३९ र ५० छात्राले पाएको प्राप्ताङ्क ५७५ रहेको छ । यहाँ छात्रहरूको औसताङ्क १०.७८ प्रतिशत र छात्राहरूको औसताङ्क ११.५ प्रतिशत रहेको छ । प्रस्तुत अध्ययनमा छात्र/छात्राको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा छात्रको तुलनामा छात्राको अनुच्छेदलेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

सिर्जनात्मक लेखनको एक अंशको रूपमा रहेको अनुच्छेदलेखनले भाषाको लेखाइगत सिप, दक्षता, क्षमता, कौशलता, प्रस्टता, तथ्यपरकता, परिपक्वता, परिष्कार र प्रौढता निर्माण गर्दछ । प्रस्तुत अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूमा गरिएको तुलनात्मक अध्ययनमा सामुदायिक विद्यालयको नेपाली भाषाको स्तर केही खस्किएको देखिन्छ । कक्षा आठमा लेख्य चिह्नको प्रयोगलाई हेर्दा अधिकांश विद्यार्थीहरूको चन्द्रबिन्दु, शिरबिन्दु, विभक्तिको प्रयोगमा कमजोर रहेको पाइयो । यसको मुख्य कारण नेपाली विषय शिक्षण गर्ने विषय शिक्षकको योजना विना शिक्षण गर्नु जस्ता मुख्य कुराले गर्दा अनुच्छेदलेखनमा केही विद्यार्थीहरूमा केही कमजोरी समेत देखा परेका छन् ।

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |
| नेपा.शि. | : नेपाली शिक्षा |
| प्रा.डा. | : प्राध्यापक डाक्टर |
| सहप्रा.डा. | : सहप्राध्यापक डाक्टर |

# विषयसूची

**अध्याय एक : शोध परिचय** **१-४**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य २

१.४ अध्ययनको सान्दर्भिकता र उपादेयता ३

१.५ शोधको परिसीमा ३

१.६. शोधपत्रको रूपरेखा ४

**अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय** **५-२१**

२.१ पूर्वकार्यको पुनरावलोकन ५

२.१.१ पुस्तक पुनरावलोकन ५

२.१.२ शोधपत्र पुनरावलोकन ९

२.२ सैद्धान्तिक परिचय १३

२.२.१ अनुच्छेदको परिभाषा १५

२.२.२ अनुच्छेदका प्रकार १६

२.२.२.१. आत्मपरक अनुच्छेद १६

२.२.२.२ वस्तुपरक अनुच्छेद १६

२.२.२.३ आख्यानात्मक अनुच्छेद १६

२.२.२.४ तार्किक अनुच्छेद १७

२.२.२.५ भावनात्मक अनुच्छेद १७

२.२.२.६ विश्लेषणात्मक अनुच्छेद १७

२.२.२.७ आलङ्कारिक अनुच्छेद १७

२.२.२.८ व्यङ्ग्यात्मक अनुच्छेद १७

२.२.३ अनुच्छेद लेखनका चरण १७

२.२.४ अनुच्छेदलेखनको विधि र प्रक्रिया १८

२.२.५ अनुच्छेद लेख्ने तरिका २०

२.२.६. अनुच्छेदलखनको प्रयोजन २०

२.२.७ लेखाइ सिप र अनुच्छेदलेखन २१

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया २२-२७**

३.१ अध्ययन विधि २२

३.२ अध्ययन प्रक्रिया २२

३.२.१ जनसङ्ख्या र नमुना छनोट २३

३.२.२ सामग्री निर्माण २३

३.२.३ मानकीकरण २४

३.२.४ पूर्व परीक्षण २४

३.२.५ परीक्षण कार्यान्वयन २५

३.३ तथ्याङ्कको विश्लेषण २५

**अध्याय चार : समग्रताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता २८-३५**

४.१ समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति २८

४.१.१ विषयवस्तुको आधार २९

४.१.२ संरचनाको आधार ३१

४.१.३ भाषाशैलीको आधार ३२

४.१.४ वर्णविन्यासको आधार ३४

**अध्याय पाँच : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलना ३६-४६**

५.१ विषयवस्तुका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ३६

५.२ संरचनाका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना

५.३ भाषाशैली आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ४०

५.४ वर्णविन्यासका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ४२

**अध्याय छ : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलना** **४७-५४**

६.१ विषयवस्तुको आधारमा ४७

६.२ संरचनाका आधारमा ४८

६.३ भाषाशैली आधारमा ५०

६.४ वर्णविन्यासका आधारमा ५२

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता** **५५-५९**

७.१ सारांश ५५

७.२ निष्कर्ष ५६

७.३ उपयोगिता ५८

७.३.१ नीतिगत तह ५९

७.३.२ प्रयोगगत तह ५९

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# तालिका सूची

**शीर्षक** **पृष्ठ**


तालिका नं. १ : समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति २८

तालिका नं. २ : समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति २८

तालिका नं. ३ : विषयवस्तुको आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति २९

तालिका नं. ४ : विषयवस्तुको आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति ३१

तालिका नं. ५ : भाषाशैलीको आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति ३२

तालिका नं. ६ : वर्णविन्यासको आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति ३४

तालिका नं. ८ : विषयवस्तुका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ३७

तालिका नं. ९ : संरचनाका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ३९

तालिका नं. १० : भाषाशैलीका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ४१

तालिका नं. ११ : वर्णविन्यासका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ४३

तालिका नं. १२ : विद्यालय प्रकृतिका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति ४५

तालिका नं. १३ : विषयवस्तुका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ४७

तालिका नं. १४ : संरचनाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ४९

तालिका नं. १५ : भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ५१

तालिका नं. १६ : वर्णविन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना ५३

# स्तम्भचित्र सूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| स्तम्भचित्र नं. १ : | विषयवस्तुका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति | ३० |
| स्तम्भचित्र नं. २ : | संरचनाका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति | ३२ |
| स्तम्भचित्र नं. ३ : | भाषाशैलीका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति | ३३ |
| स्तम्भचित्र नं. ४ : | वर्णविन्यासका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति | ३५ |
| स्तम्भचित्र नं. ५ : | विषयवस्तुका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना | ३८ |
| स्तम्भचित्र नं. ६ : | संरचनाका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना | ४० |
| स्तम्भचित्र नं. ७ : | भाषाशैलीका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना | ४२ |
| स्तम्भचित्र नं. ८ : | वर्णविन्यासका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना | ४४ |
| स्तम्भचित्र नं. ९ : | विद्यालय प्रकृतिका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति | ४६ |
| स्तम्भचित्र नं. १० : | विषयवस्तुका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना | ४८ |
| स्तम्भचित्र नं. ११ : | संरचनाका आधारमा छात्र/छात्राको अनुच्छेदलेखन क्षमताको तुलना | ५० |
| स्तम्भचित्र नं. १२ : | भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना | ५२ |
| स्तम्भचित्र नं. १३ : | वर्णविन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना | ५४ |